"तुलसिपुर उपमहानगरपालिकाको योजना, कार्यक्रम, बजेट तथा सार्वजनिक सेवा, सुविधाको प्रभावकारिता सम्बन्धमा"

# सार्वजनिक सुनुवाई कार्यक्रम

आ.व ०७७/०७८ पहिलो चौमासीक

मिति २०७७ पौष २३ गते

# कार्यक्रम प्रतिवेदन

ग्रामीण महिला उत्थान केन्द्र
घोराही, दाङ

तुलसिपुर उपमहानगरपालिका,
दाङ

## १. भूमिका

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागीतामुलक बनाउदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नु आजको प्रमुख आवश्यकता हो। विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय तहबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ। तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाईरहेको छन्। स्थानीय तहहरु सञ्चालन गर्न बनेका ऐन तथा नियमहरुले एक आ.व. मा सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई वर्षको कम्तिमा तीनपटक गर्ने गरी व्यवस्था मिलाइएको छ। सार्वजनिक सुनुवाईले शासन सञ्चालनमा पारदर्शिता, आर्थिक अनुशासन, जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरिकहरुको बिच सूचनाको पहुँचलाई स्थापित गरी सेवा, बस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रर्वद्धन गर्दछ।

यसै बिच सुशासन ऐन २०६४, नियमावली २०६५ ले हरेक स्थानीय तहले आम नागरकिहरुको सहभागितामा सार्वजनिक चासोका विषयमा सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख गरको छ। नेपालको संविधान २०७२ भाग ४ धारा ५० ख को ४ ले पनि सेवाप्रदायक निकायबाट प्रवाह हुने सेवा सुविधामा नागरीकहरुको समान र सहज पहुँच सुनिशिच्त गरी सुशासनको प्रत्याभुति गर्नुपर्ने कुरा उल्लेख गरेको छ। त्यस्तै स्थानिय सरकार शासन सञ्चालन ऐन २०७४ को धारा ७८ को च ले पनि सार्वजनिक सुनुवाई गर्ने कुरा उल्लेख गरेको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय निकायको सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ। तीनै व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो। ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस् भनी नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ। यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय निकायहरु खास गरी गाउँ तथा नगरपालिकाहरुले वर्षको तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने तथा सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा सो कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ। यिनै कुराहरुलाई ध्यानमा राख्दै यस तुलसिपुर उपनगरपालिकाले आ.व. २०७७/०७८ को पहिलो चौमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न ग्रामीण महिला उत्थान केन्द्रलाई जिम्मेवारी दिएको सन्दर्भमा यस संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

सुशासन-(व्यवस्थापन र स्वचालन) ऐन २०६४, नियमावली २०६५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले हरेक स्थानीय तहले आफ्नो संस्थाले वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको वर्षको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख गरिएको छ। तुलसिपुर उपनगरपालिकामा आ.व. २०७७/०७८ को पहिलो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु, योजना, कार्यक्रम तथा स्थानीय नागरीकहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको

प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालको केही वर्ष यता नेपाल सरकारले कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र गाउँ तथा नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

**३.कार्यक्रमको उद्देश्य** :

यस कार्यक्रमको मुख्य उद्देश्य तुलसिपुर उपमहानगरपालिकाबाट आ.व २०७७/०७८ को पहिलो चौमासिक अवधिमा उपनगरपालिकाका नागरीकहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा र कार्यक्रम, योजना तथा बजेटको बारेमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो ।

**५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :**

तुलसिपुर उपमहानगरपालिका आ.व. २०७७/०७८ को पहिलो चौमासिक अवधिमा सम्पादन गरेका कार्यहरुको विषयमा २०७७ साल पौष २३ गतेका दिन तुलसिपुर उद्योग वाणीज्य संघको सभाहल दोघरेमा कार्यक्रम आयोजना गरिएको थियो । बिहान ११ बजे देखि शुरु भएको यस कार्यक्रम दिउँसो ३ बजे सम्पन्न भएको थियो ।

**६. सार्वजनिक सुनुवाई सञ्चालन विधि :**

सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम स्थानीय तहहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले तुलसिपुर उपमहानगरपालिकाले ग्रामीण महिला उत्थान केन्द्रसँग सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरणको सम्झौता गरेको थियो । कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाई कार्यक्रम गर्नु पूर्व ८४ जना सेवाग्राहीहरुसँग **नागरीक प्रतिवेदन पत्र** र ८२ जना **सेवाग्राहीसँग वहिर्गमन मत सर्वेक्षण** गरिएको थियो ।

**७. नागरीक प्रतिवेदन पत्र**

सरकारी कार्यालयहरुले प्रवाह गरेको सार्वजनिक सेवाहरुको कार्य सम्पादन र सम्पन्न भएको कार्यमा नागरिकहरुको प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहभागिता हुन्छ । सेवाग्राहीहरुले सेवाहरु ग्रहण गर्दाको प्रत्यक्ष अनुभवलाई समेटिने गरि मूल्यांकन कार्यमा उनीहरुलाई पनि सहभागि बनाउने सहभागितात्मक सर्वेक्षण पद्धति अपनाई नागरिक समाज वा नागरिक समाज संस्थाबाट जानकारी लिई सोको आधारमा सम्बन्धित कार्यालयको मूल्याङ्कन गरि पृष्ठपोषण गर्ने परिपाटी Citizen Report Card (CRC) हो । यसै सन्दर्भमा सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम ग्रामीण महिला उत्थान केन्द्रले तुलसिपुर उपमहानगरपालिका वडा नं ५ र १३ मा नागरीक प्रतिवेदन पत्र सम्पन्न गरेको थियो । यस नागरीक प्रतिवेदन पत्रमा ८४ जना नागरीकहरु सहभागि भएका थिए । यस नागरीक प्रतिवेदन पत्रको नतिजा कार्यक्रममा प्रस्तुत गरिएको थियो । अनुसुचि १ मा यसको प्रतिवेदन पत्र उल्लेख गरिएको छ ।

## ८. नागरीक बहिर्गमन अभिमत

कार्यालयको ढोकाबाट बाहिर निस्कने बित्तिकै सेवाग्राहीले प्राप्त गर्न चाहेको वा प्राप्त गरेको सेवाका बारेमा सोधपुछ गरी अभिमत लिइने कार्य Exit Poll हो । यस अभिमतबाट सेवाग्राहीले लिनचाहेको सेवाको गुणस्तर, सेवाप्रदायकहरुले सेवाग्राहीलाई गरेको व्यवहार र समग्र सेवाका बारेमा सेवाग्राहीको धारणा, अपेक्षा, गुनासा तथा सुझावहरु प्राप्त गरिन्छ । यसै सन्दर्भमा, तुलसिपुर उपमहानगरपालिकाबाट सेवा लिएर बाहिर निस्कीएका ८२ जना सेवाग्राहीहरुसँग बर्हिगमन अभिमत संकलन गरिएको थियो । यस नागरीक बर्हिगमन अभिमत संकलनको नतिजा कार्यक्रममा प्रस्तुत गरिएको थियो । यसको प्रतिवेदन अनुसुचि २ मा उल्लेख गरिएको छ ।

## ९. उठेका प्रश्न र जिज्ञासा र उत्तर :

मिति : २०७७/०९/२३

| कसं | प्रश्नकर्ताको नाम/ठेगाना | प्रश्न तथा गुनासो | सम्बोधनकर्ता |
|---|---|---|---|
| ०१ | खुमानन्द अधिकारी (अध्यक्ष-जेष्ठ नागरिक सरोकार केन्द्र तुलसीपुर, दाङ्ग) | ➢ जेष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र प्रत्येक वडामा व्यवस्था हुनु पर्ने,<br>➢ जेष्ठ नागरिकहरुको लागि जेनेटिक वार्ड छिटो छरिटो हुनु पर्ने,<br>➢ सार्वजनिक यातायातको भाडामा जेष्ठ नागरिकलाई प्रदान गरिने भाडा दरमा ५० प्रतिशतको छुटको व्यवस्था कार्यान्वयन गरिनु पर्ने, त्यसको लागि तुनपाले यातायात व्यवस्था कार्यालयसँग समन्वय गर्नु पर्ने, | **माया श्रेष्ठ (महिला/बालबालिका तथा सामाजिक शाखा, तुलसीपुर उमपा कार्यालय)**<br>➢ जेष्ठ नागरिक दिवा सेवा केन्द्र नगरको प्रत्येक वडामा स्थापना भएर सञ्चालनमा आएको तर कोभिडको-१९ कारणले हाल पेन्डिङ्गमा रहेको छ । यस कार्यलाई थप व्यवस्थापन गरी लगिनेछ ।<br>➢ सार्वजनिक यातायातको भाडामा जेष्ठ नागरिकलाई ५० प्रतिशत छुट हुने कुरा ऐनमा व्यवस्था भएको तर यसको कार्यान्वयनमा समस्या आएकोले यातायात कार्यालयसँग समन्वय गरि अर्न्तकृया गरी व्यवस्थापन गरिनेछ । |
| ०२ | नारायण प्रसाद भण्डारी, तलसीपुर उमपा-०६, दाङ्ग | ➢ विकास प्राधिकरणको योजना अन्तर्गतको कार्य योजना सम्पन्न भएको छैन किन ?<br>➢ तुलसीपुर उपमहानगरपालिका भित्र नाला बिनाको कालो पत्रे निर्माण भएको छ जुन राम्रो होईन नाला सहितको कालो पत्रे बनाउनु पर्ने । | **पवन योगी (तुलसिपुर विकास प्राधिकरण शाखा, तुलसीपुर उमपा)**<br>➢ विकास प्राधिकरण अन्तर्गत नगरको प्रत्येक वडामा कालो पत्रे बनाउन बाँकी नै छ । प्रदेश र संघिय सरकारसँग समन्वय गरी यस कार्यलाई तिव्रता दिइनेछ । |

| | | | |
|---|---|---|---|
| | | | ➢ नाला सहितको ३ कि.मी. कालो पत्रे बनाउने योजना रहेता पनि वर्षातको कारणले नाला नबनाएर पहिले कालो पत्रे मात्र बनाईएको छ । यसको लागि पुन: नगरस्तरले पहल गर्नेछ । |
| ०३ | याम प्रसाद सुवेदी, वडा सदस्य-तुलसीपुर उमपा-०८, दाङ्ग | ➢ तुलसीपुर नगरपालिका क्षेत्र भित्र खसी बोकाको कुहिएको मासु बिक्री बितरण भैरहेको छ । नगरवासीलाई सफा र स्वस्थ मासु खुवाउने व्यवस्था मिलाउनु पर्ने,<br>➢ पातु खोलाको नाला व्यवस्थित छ तर फोहर छ त्यसको व्यवस्थापन हुनु पर्ने,<br>➢ नगरपालिकामा निम्न वर्गका जनताहरुलाई बाटो घाटोको सुविधाबाट बञ्चित रहेका छन त्यसको व्यवस्थापन हुनु पर्ने<br>➢ स्थानिय विकास निर्माणको काममा ६०/४० को योजना भन्दा जनपक्षिय योजना ल्याउनु पर्ने, | **रेखा शर्मा (उपभोक्ता हित संरक्षण शाखा, तलसीपुर उपमहानगरपालिका)**<br>➢ उपभोक्ताको स्वास्थ्यको हकमा उपभोक्ता कानून अनुसार ९० प्रतिशत भूमिका स्वयं जनताको र १० प्रतिशत भूमिका मात्र नेपाल सरकारको हुनु पर्ने व्यवस्था रहेको छ । यसर्थ, मासु परिक्षणको व्यवस्था गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।<br>➢ उपभोक्ताको स्वास्थ्यको कुरा स्वयं उपभोक्ताले नै गुनासो गरेमा मात्र नगरपालिकाले आवश्यक सहयोग गर्ने हो<br>**प्रेमकान्त पाण्डे (सरसफाई शाखा, तुलसीपुर उपमहानगरपालिका)**<br>➢ नगर क्षेत्रभित्र मरेका जनावरहरुको उचित व्यवस्थापन भैरहेको छ,<br>➢ नगरको १४२ वटा टोलमा सरसफाई अभियान चलाईरहेका छौ.,<br>**योजना शाखा**<br>जनताको माग बमोजिम योजना ल्याइएको छ । र त्यसको लागि नगरस्तरमा बैठक बसी जनपक्षिय योजनाका लागि पहल गरिनेछ । |
| ०४ | टोप बहादुर महतरा, तुलसीपुर नगरवासी | | **हिमाल शर्मा (वस्ती विकास तथा अन्य पुर्वाधार शाखा, तुलसीपुर उपमहानगरपालिका)** |

| | | | |
|---|---|---|---|
| | | ➢ वडा नं.-१८ खर मुक्त घर बनाउने योजना नगरपालिकाको सबै वडाहरुमा पनि हुनु पर्ने, | ➢ खर मुक्त घर बनाउनको लागि सुरक्षित नागरिक आवास कार्यक्रम अर्न्तगत सबै तथ्यांकहरु संकलन हुँदैछ,<br>➢ सुरक्षित आवासको लागि हालसम्म ८०० जनाको तथ्यांक संकलन भएको छ। बाँकी रहेका घरधुरीलाई छाना हस्तातरण कार्य तिव्र रुपमा गरिनेछ। |
| ०५ | दिपक काफ्ले, अभियन्ता आहा तुलसीपुर, दाङ्ग | ➢ खेलकुद कार्यक्रम सम्पन्न गरि तुनपाको खेलकुद शाखामा आर्थिक सहयोगको लागि जाँदा कुनै किसिमको सहयोग नभएको,<br>➢ कोरोनाको कारणले गर्दा जनप्रतिनिधिहरुले आर्थिक लाभ लिएको भन्ने जनगुनासो आईरहेको,<br>➢ कोरोनाको समयमा नगरपालिका कार्यालयबाट भएको सम्पूर्ण खर्चहरुको हिसाबको डिटेल आउनु पर्ने,<br>➢ तुनपा ग्रीन सिटी, क्लिन सिटी तथा स्मार्ट सिटी किन भएन,<br>➢ नगर क्षेत्रको सडकहरु खाडल रहित हुनु पर्ने,<br>➢ नगरपालिकाले प्रकाशन गरेको रातो किताबमा युवा उद्यमशिलता सम्बन्धी ५ लाख मात्र विनियोजन गरिएको आगामी दिनमा त्यो भन्द बढी रकम विनियोजन हुनु पर्ने, | **भाष्कररराज गौतम (शिक्षा तथा खेलकुद महाशाखा, तुलसीपुर उपमहानगरपालिका)**<br>➢ खेलकुद कार्यक्रम सम्पन्न गरि सकेर भूक्तानी माग्न आए पछि त्यसको कुनै बजेट व्यवस्था हुदैन ।<br>➢ खेलकुद कार्यक्रम सम्पन्न गर्नु पूर्व योजना मुताबिक बजेट अुनरोध गर्न आएमा रातो किताबमा बजेटको व्यवस्था नभए पनि अन्य शिर्षकबाट व्यवस्था गर्न सकिने प्रावधान छ ।<br>**प्रदिप वली (आर्थिक प्रशासन शाखा, तुलसीपुर उपमहानगरपालिका)**<br>➢ कोभिडको जम्मा खर्च २ करोड ४७ लाख ४१ हजार रुपैयाँ भएको<br>➢ कोभिड १९ मा भएको खर्च वेभसाइटबाट पनि सार्वजनिकिरण गरिएको<br><br>**घनश्याम पाण्डे (मेयर, तुलसीपुर उपमहानगरपालिका)**<br>➢ जनताबाट जुन स्मार्ट सिटीको कुरा उठेको छ यो एउटा हाम्रो भिजन तथा अवधारणा मात्र |

| | | | |
|---|---|---|---|
| | | | हो यो एकैचोटी पुरा भैहाल्ने होइन । विस्तारै यसको काम भईरहेको छ । सबैले धर्य गर्नुपर्छ । |
| ०६ | खेमराज रिजाल ( पत्रकार) | ➢ टि टावर, ईन्धन दिपो तथा औधोगिक ग्रामको शिलन्यास भएता पनि काम नभएको ।<br>➢ गाउँ गाउँमा इन्टनेटको समस्या रहेको छ । | **घनश्याम पाण्डे (मेयर, तुलसीपुर उपमहानगरपालिका)**<br>➢ एयरपोर्टमा ईन्धन डिपो राख्ने कुराको केन्द्रमा छलफल तथा योजना भैरहेको छ ।<br>➢ औद्योगिक ग्रामको हकमा २ वटा ग्राम बनाउने योजना रहेको छ ।<br>➢ गाउँमा इन्टरनेट विस्तार गर्न नगरस्तरबाट योजना रहेको छ अब यसको काम छिटो थालनी हुनेछ । |
| ०७ | जया पाण्डे, अपाङ्ग मानव अधिकार संघ- तुलसीपुर दाङ्ग | ➢ वैदेशिक रोजगारमा गएका परिवारहरुको सूचना दिनु पर्ने,<br>➢ वैदेशिक रोजगारमा गएका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा दिन पर्ने तथा राहत दिनु पर्ने<br>➢ बैदेशिक रोजगारमा गएका युवाहरु वेपत्ता रहेको, नेपाल सरकारबाट खोजिकार्य नभएको ।<br>➢ औषधीको अभाव रहेको । | **ओम प्रकाश (प्रमुख-स्वास्थ्य शाखा, तुलसीपुर उपमहानगरपालिका)**<br>➢ वडा नं.-०८ को भिमसेन शहरी स्वास्थ्य केन्द्रमा वैदेशिक रोजगारबाट फर्किएकाहरुका लागि मनोसामाजिक परामर्श केन्द्र स्थापना भएको छ,<br>**ईलाका प्रहरी प्रशासन कार्यालय, तुलसीपुर दाङ्ग**<br>➢ वैदेशिक रोजगारमा जानेहरुको लागि ईलाका प्रहरी प्रशासन कार्यालयले परामर्श केन्द्रको स्थापना गरेको छ ।<br>➢ वैदेशिक रोजगार प्रकृयामा गएका युवाहरु कानुनी प्रकृया बमोजिम गएका छन् भने उनिहरुले सुचना पाउने गरेका छन् । अन्यथा, खोजी कार्य गर्न पनि सरकारलाई अप्ठ्यारो हुने गरेको छ । |

| | | | |
|---|---|---|---|
| | | | ➢ सामाजिक सुरक्षा कोषको रकमबाट वैदेशिक रोजगारमा गई समस्यामा परेकालाई सहयोग भैरहेको छ,<br>➢ वैदेशिक रोजगारमा गएर अलपत्र परेकालाई नेपाल सरकारको सामाजिक मन्त्रालय मार्फत उद्धार भैरहेको छ । |
| ०८ | पदमा चौधरी, महिला मानव अधिकार रक्षक सञ्जाल तुलसीपुर दाङ्ग | ➢ महिलाका लागि काउन्सीलिङ सेन्टर स्थापना हुनुपर्ने,<br>➢ न्यायिक समितिले सही मुद्दा/मामिला मिलाउन नसकेको ।<br>➢ भौतिक क्षेत्रको विकास हुनु मात्र विकास होईन, महिला शसक्तिकरण हुनु पनि विकास हो त्यसैले नगरपालिकाले महिलाहरुको शसक्तिकरणमा जोड दिनु पर्ने, | **माया शर्मा (तुलसिपुर उपनपा -उपमेयर)**<br>➢ हरेक वडामा काउन्सीलिङ सेन्टर स्थापना गर्ने योजना रहेको छ ।<br>➢ संविधानले व्यवस्था गरेको अधिकार प्रयोग गरी मुद्दा मिलान गरेको छ । र मिल्न नसकेका मुद्दाहरुलाई अदालतमा पठाएको छ ।<br>➢ महिला सशक्तिकरणको लागि नगरस्तरबाट बजेट व्यवस्थापन भई कार्यक्रम सहतिको योजना निर्माण भएको छ । |
| ०९ | तुल प्रसाद खनाल, अध्यक्ष-नवदुर्गा सामुदायिक वन समिति तुनपा-०८ | ➢ ग्रीन तुलसीपुर, क्लिन तुलसीपुर तथा स्मार्ट सिटीको नारा लगाएर पनि कुनै काम नभएको,<br>➢ मातृ शिशुदर कम भएता पनि सुत्केरीले पाउने सुविधा नपाएको,<br>➢ वार्षिक रुपमा प्रत्येक वडामा ३ कि.मी कालो पत्रे गर्ने भनेता पनि त्यो नभएको,<br>➢ सुकुम्बासीहरुलाई व्यवस्थित रुपमा व्यवस्थापन गर्ने कुनै काम नभएको, | **ओम प्रकाश (प्रमुख-स्वास्थ्य शाखा, तुलसीपुर उपमहानगरपालिका)**<br>➢ ग्रिन र क्लिीन तुलसिपुरका लागि काम सुरुवात भएको छ । यसलाई निरन्तरता दिन नगरस्तरबाट काम भईरहेको छ ।<br>➢ वडा नं.-०८ मा प्रसुती प्रोत्साहन भत्ता रकम वितरण भएको र खोप केन्द्र तथा डटस केन्द्र स्थापना गर्न योजना रहेको,<br>**सन्तोष आचार्य (सडक तथा यातायात शाखा, तुलसीपुर उपमहानगरपालिका)** |

| | | | |
|---|---|---|---|
| | | | ➢ वडा नं. ५ र ६ मा सडक कालो पत्रे र खाल्डा खुल्टी पुरिने,<br>➢ पिपलबोट देखि पवननगरसम्म आउँदो आषाढ मसान्त सम्म कालो पत्रे गरिने,<br>सबै ठाउँमा नाला सहितको कालो पत्रे बनाईरहेका तर जनताको आवश्यकता अनुसार पनि कालो पत्रे मात्र गर्ने |
| १० | नमा भण्डारी केसी, तुलसीपुर उमपा-१६, डोकेना दाङ्ग | ➢ डोकेनामा सडक कालो पत्रे गर्ने काम अहिले सम्म अलपत्र अवश्थामा रहेको,<br>➢ कहिले सम्म यो सडक बन्ने हो ? | **तुलसिपुर विकास प्राधिकरण शाखा**<br>कतिपय सडके योजनाहरु संघिय र प्रदेश सरकारको मातहतमा रहेकोले यसले पूर्णता तिव्र रुपमा पाउन सकेको छैन नगरस्तरबाट संचालन भएका योजना ढिलासुस्ती नहुन दिन ठोस कदम चालिनेछ । |
| ११ | अभिषेक दाहाल, विद्यार्थी-तुलसीपुर उमपा-०८, दाङ्ग | ➢ नगरपालिकाले तुलसीपुरमा बिए/एलएलबि पढाई हुने योजना ल्याएको तर उक्त विषय पढाउने व्यक्ति पाईन्छ र,<br>➢ कलेज स्तरको विद्यार्थी भन्दा विद्यालय स्तरका विद्यार्थीहरु मानसिक रोगी भएको त्यसको नियन्त्रणको लागि नगरपालिकाले आवश्यक पहल गरि दिनु पर्ने,<br>➢ मेयर घनश्याम पाण्डेलाई किन टुरिष्ट मेयरको संज्ञा दिईएको हो<br>➢ नगर क्षेत्र भित्र महिलाहरु यौन दुर्व्यवहारबाट सुरक्षित नभएको, | **घनश्याम पाण्डे (मेयर, तुलसीपुर उपमहानगरपालिका)**<br>➢ तुलसीपुरमा बिए/एलएलबि पढाई हुने संरचना भए पढाउने व्यक्ति व्यवस्थापन गर्ने पालिका सक्षम रहेको ।<br>➢ ग्राभिल सडकहरुलाई पक्की बनाउने कार्य तिव्र रहेको छ । अझ यसलाई प्रदेश र संघिय सरकारको बजेटबाट सबै क्षेत्रमा विस्तार गर्ने योजना रहेको छ ।<br>➢ जहाँ सम्म टुरिष्ट मेयरको भएको जन गुनासो रहेको कुरा छ यो मेयर गतिशिल छ सुतेको त छैन भन्ने अर्थ राख्दछ,<br>**ईलाका प्रहरी प्रशासन कार्यालय, तुलसीपुर दाङ्ग** |

| | | | |
|---|---|---|---|
| | | | ➢ यौनजन्य घटना हुन नदिन प्रहरी प्रशासन सबै क्षेत्रमा तैनाथ रहेको छ । बिहान र साँझको समयमा थप यसलाई प्रभावकारी बनाइनेछ । |
| १२ | आशा नेपाली, तलसीपुर उमपा-०२, दाङ्ग | ➢ नगर क्षेत्रका युवा युवतीहरु लागू औषधको दुर्व्यसनीमा फसिरहेकोले त्यसको उपचार हुनु पर्ने । | लागु औषध दुर्व्यसनीबाट युवा/यूवतीहरु लाई बचाउन विभिन्न निकाय सँग साझेदारी गरी अनुगमनको क्षेत्रलाई प्रभावकारी बनाईने छ । साथै तिनिहरुको उपचार व्यवस्था मिलाउन स्थानिय तह सँग समन्वय गरिनेछ । |

**तुलसिपुर उपमहानगरपालिकाका नगर प्रमुख घनश्याम पाण्डेयबाट एकमुष्ट रुपमा नागरीकहरुको गुणासो सम्बोधन**

- ➢ जनताप्रति जवाफदेहि र उत्तरदायी हुँदै जनताको गुनासो सुन्ने अभिप्रायले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हो ।
- ➢ सार्वजनिक सुनुवाई कार्यक्रममा जति पनि जनगुनासोहरु उठेका छन अर्को सार्वजनिक सुनुवाई कार्यक्रममा पुरा गर्ने प्रतिवद्धता व्यक्त गरेका छौ ।
- ➢ जनताबाट आएका गुनासो जवाफ सवालहरुलाई एक हप्तामा बुँदागत रुपमा टिपोट गरेर सम्बोधन गर्न सबै कर्मचारीहरुलाई निर्देशन गर्दछु ।
- ➢ जनताबाट जुन स्मार्ट सिटीको कुरा उठेको छ यो एउटा हाम्रो भिजन तथा अवधारणा मात्र हो यो एकैचोटी पुरा भैहाल्ने होइन । यसको लागि नगरपालिकाले काम गरिरहेको छ । यो सपना अवश्य पुरा हुनेछ ।
- ➢ यस आ.व भित्र खरको छानामुक्त बस्ती निर्माण गर्न प्रतिबद्ध रहेका छौ ।
- ➢ तुलसिपुर उपमहानगरपालिका कार्यालयमा नगद कारोवारलाई न्यूनीकरण गर्न बैंकिङ्ग प्रणालीको व्यवस्था गरिएको छ ।
- ➢ सार्वजनिक काममा कही कतैबाट भ्रष्टाचार जन्य कार्य हुन नदिन हामी प्रतिबद्ध छौ ।
- ➢ मलाई टुरिष्ट मेयरको आरोप आएपनि म कामलाई निरन्तरता दिन गतिशिल रहेको छु र नगर तथा जनतालाई पनि गतिशिल बनाउन चहान्छु ।
- ➢ तुलसिपुरमा रहेको एयरपोर्टमा ईन्धन डिपो राख्ने कुरा केन्द्रमा छलफल तथा योजना भैरहेको छ । यो कार्य चाँडै नै सम्पन्न हुनेछ ।
- ➢ यस वर्षभित्र औद्योगिक ग्रामको हकमा २ वटा ग्राम बनाउने योजना रहेको छ ।

- ग्रामीण महिला उत्थान केन्द्रको तर्फबाट प्रस्तुत गरिएको नागरिक अभिमत प्रतिवेदन र बर्हिगमन मतको आधारमा सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिनेछौ ।
- हामी जनताप्रति जवाफदेहि भएर नगरवासीहरुलाई कसरी खुशी बनाउन सकिन्छ भन्ने विश्वासका साथ काम गरिरहेका छौ ।
- तुलसिपुर उपमहानगरपालिकालाइ प्लुरालिजम अर्थात बहुलवादको प्रणालीबाट र ओपन गभर्नमेन्ट प्रिन्सीपल (ओजिपी) को आधारमा नगरलाई विकास गर्ने योजनामा रहेका छौ ।

**१०. कार्यक्रमको समापन**

यस तुलसिपुर उपमहानगरापलिकाको आ.व ०७७/०७८ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम नगर प्रमुख सिता घनश्याम पाण्डेयको अध्यक्षतामा सम्पन्न भएको थियो। सार्वजनिक सुनुवाईको जवाफदेही बक्ताको रुपमा नगरप्रमुख घनश्याम पाण्डेय, नगरउपप्रमुख माया शर्मा, प्रमुख प्रशासकिय अधिकृत भाष्कर्रराज गौतम, महाशाखा तथा शाखाका प्रमुखहरु रहनुभएको थियो । तुलसिपुर उपमहानगरपालिकाको १९ वडाका वडा अध्यक्षहरुलाई पनि जवाफदेही बक्ताको रुपमा आमन्त्रण गरिएको थियो। त्यस्तै कार्यक्रममा टोल विकास संस्था, उपभोक्ता समितिका पदाधिकारी, नागरिक समाज, विकास साझेदार निकाय तथा गैससका प्रतिनिधि, उद्योग वाणीज्य संघ, नेपाल पत्रकार महासंघ, आम उपभोक्ता र सर्वसाधरण नागरिक गरी २५० जनाको सहभागिता रहेको थियो ।

त्यस्तै, कार्यक्रममा उपस्थित सबै जवाफदेहि बत्ता, सेवाग्राही, आमन्त्रित विभिन्न क्षेत्रका प्रतिनिधिहरुलाई तुलसिपुर उपमहानगरपालिकाका नगर उपप्रमुख माया शर्मा ज्यूले सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो। तुलसिपुर उपमहानगरपालिकाका सुचना अधिकारी बाबुराम न्यौपानेले नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधा, सम्पादन गरिएका कार्य, कार्यक्रम, योजना, बजेट, तथा उपलब्धीका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो भने ग्रामीण महिला उत्थान केन्द्रको तर्फबाट नागरीक प्रतिवेदन पत्र र नागरीक अभिमत संकलन प्रस्तुत गरिएको थियो।

११. सहभागीहरुको उपस्थिती

१२. समाचार तथा फोटो


"खुसी जनता-समृद्ध तुलसीपुर"
"हाम्रो तुलसीपुर-राम्रो तुलसीपुर"
तुलसीपुर उप-महानगरपालिकाबाट चालु आ.व. २०७७/०७८ को पहिलो चौमासिक (श्रावण-कार्तिक) मा प्रवाह भएका सेवाहरुको सम्बन्धमा
सार्वजनिक सुनुवाइ कार्यक्रम
पौष २३, २०७७ / 7th January 2021
उद्योग वाणिज्य संघको सभाहल, तुलसीपुर, दाङ
सहजीकरण
ग्रामीण महिला उत्थान केन्द्र
घोराही, दाङ
आयोजक
तुलसीपुर उप-महानगरपालिक
तुलसीपुर, दाङ
edia partners :
TULSIPUR ONLINE







सार्वजनिक सुनुवाइ कार्यक्रम


AI DUAL CAMERA
Shot by Nabin Chaudhary
2021/01/07 12:

अनुसुचि १


नागरीक प्रतिवेदन पत्र
आ.व. ०७७/०७८ (पहिलो चौमासीक)
तुलसिपुर उपमहानगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमका लागि नागरीक प्रतिवेदन पत्र

अनुसुची २


नागरीक अभिमत संकलन
आ.व. ०७७/०७८ (पहिलो चौमासीक)
तुलसिपुर उपमहानगरपालिकाको सार्वजनिक सुनुवाई अर्न्तगत गरिएको नागरीक अभिमत संकलनको प्रतिवेदन ।